# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।२५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

भूमिसुधार तथा मालपोत कार्यालय, कलैया बाराका खरिदार रामजीप्रसाद साह र बिचौलिया खड्गभक्त शर्मा खरेलले सोही कार्यालयमा विचाराधीन मोहीसम्बन्धी मुद्दामा जग्गाको मोही कट्टा गरी दिन्छु भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट खटिई गएको टोलीले निजहरूलाई रु.२३,०००।- घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा खरिदार रामजीप्रसाद साह र विचौलिया खड्गभक्त शर्मा खरेलले एकआपसमा मिलेमतो गरी जग्गाको मोही मुद्दा मिलाई मोही कट्टा गरिदिने भनी घुस रिसवत दिनुपर्ने बाध्यता बनाई सेवाग्राहीसँग रु.२३,०००।- (तेइस हजार) घुस रकम लिई निज खरिदार रामजीप्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको र बिचौलिया खड्गभक्त शर्मा खरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजहरूलाई जनही बिगो रु.२३,०००।- (तेइस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता